परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक १९ २०७८ मंसिर २६ गते आईतवार **Sunday 12, DEC 2021** ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## अखिल नेपाल पिछडा वर्गको अध्यक्षमा निषाद:बरी

विराटनगर । अखिल नेपाल पिछडा वर्ग (ओविसी) महासंघको केन्द्रिय समितिको बैठकवाट तेज प्रकाश निषद:बरीका अध्यक्षतामा कमिटी गठन भएको छ ।

बिगत २०५५ सालमा नेपाल पिछडा वर्ग (ओविसी) महासंघ गठन भए देखि देखि नेपाल पिछडावर्ग (ओविसी) महासंघ उच्चवर्ग, आदीवासी जनजाति र दलितमा नपर्ने झनै ३ दर्जन जातिको हक अधिकारको लागि संघर्ष गर्दै आएको थियो । २०७४ साल मंसिरमा के.पी.ओली सरकारको पालामा नेकपासंग समायोजन घोषणा भएर अखिल नेपाल पिछडाबर्ग महासंघ बनेको थियो ।

राष्ट्रिय जनता दल तथा अखिल नेपाल पिछडावर्ग (ओबीसी) महासंघको अध्यक्ष भरत प्रसाद महतोले केपी शर्मा ओलीको सरकारले पनि पिछडा वर्गको मागलाई वेवास्ता गरेको भन्दै मंसिर १७ गते जनता समाजवादी पार्टी (जसपा) नेपाल र अखिल नेपाल पिछडावर्ग महासंघले ३ बुंदे सहमतिमा सहकार्य



गरि 'पिछडावर्ग (ओविसी) महासंघ नेपाल' घोषणा गरेको थियो ।

अखिल नेपाल पिछडा वर्ग (ओविसी) महासंघका अध्यक्ष भरत प्रसद महतो नेकपा एमालेवाट चोइटिएर गएपछि अखिल नेपाल पिछडा वर्ग (ओविसी) महासंघको केन्द्रीय कमिटीको बैठक बसी नयां कमेटी गठन गरिएका छन् ।

अखिल नेपाल पिछडावर्ग (ओविसी) महासंघको नयाँ केन्द्रीय कमेटीको उपाध्यक्षमा मदनकिशोर कामत, उपाध्यक्षमा अकलेश कुमार साह, महासचिवमा जयप्रकाश महतो, उपमहासचिवमा धनराज गुप्ता, केन्द्रीय सदस्यहरुमा प्रमोद राज पटेल, राजन साह कानु, राजेश सहनी, दिलिप कुमार दास, शंकर यादब, दीपेन्द्र साह जितेन्द्र यादब, सन्तोष कापर लगायत चयन भएका छन् ।

विगत १५ वर्ष देखि नेपाल पिछडावर्गमा संर्घष गर्दै आएको हालै गठन भएको कमिटीको महासचिव जय प्रकाश महतो, नेकपा एमाले विराटनगर महानगर पालिका कमिटीको उपसचिव पदको जिम्मेवारीमा समेत रहेको छ ।

बिगत २०५५ सालमा नेपाल पिछडा वर्ग (ओविसी) महासंघ गठन भए देखि नेपाल पिछडावर्ग (ओविसी) महासंघमा उच्चवर्ग, आदीवासी जनजाति र दलितमा नपर्ने झण्डै ३ दर्जन जातिको हक अधिकारको लागि संघर्ष गर्दै आएको छ ।

## लायन्स क्लब अफ ग्रिनसिटी द्धरा तीन जना सम्मानित

विराटनगर । नेपाल पत्रकार महासंघ मोरङ शाखाको कार्य समिति सदस्य तथा मकालु टेलिभिजनका पत्रकार पदमकुमार सरदार सहित दुई जना समाजिक अभियन्त समेतलाई नगद सहित सम्मान गरेका छन् ।

लायन्स क्लव अफ विराटनगर ग्रिनसिटीले मंगलवार आयोजना गरेको पदभार हस्तान्तरण कार्यक्रमको अवसर पारेर सरदारलाई नगद सहित सम्मान गरिएको थियो । त्यसैगरी समाजिक अभियन्ताका रुपमा काम गर्दै आएका पेरीस सुवेदी र निकेस साहलाई समाजमा पुऱ्याएको योगदानको कदर गर्दै उहाँहरुलाई सम्मान गरेको क्लवका कोषाध्यक्ष भवेश पोडेलले जानकारी दिनुभएको थियो ।

सम्मानित भएका सरदारलाई लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ ए-वानका डिस्ट्रिक गभर्नर रेवत बहादुर कार्कीले दोसला, सम्मान पत्र र नगद



सहित सम्मान गर्नुभएको थियो । उहाँले पत्रकार सरदारलाई सम्मान गर्नुहुँदै प्रथम विश्वयुद्ध पश्चात सेवाको भावनले लायन्स क्लव अन्तर्राष्ट्रिय २६ जना सदस्यहरुबाट गठनगरिएको क्लव हो । क्लवले अहिले वातावरण लगायत विभिन्न सामाजिक विद्धामा कामगर्दै आईरहेको गभर्नर कार्कीले वताए ।

ग्रिनसिटी क्लवका सदस्यहरु लगायत सवै लायन्सहरुले हरेक समस्याहरुसंग सामना गरेर समाजमा उदाहरणीय काम गर्दै आईरहेकोले सवैको प्रसन्सा गरेको थियो । क्लव अहिले एक सय वर्ष पुरा गरिसकेको छ । एक सय वर्षको अवसरमा लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ ए-वानसंग आवद्ध क्लवहरुले सभ्य र भव्य रुपले पद हस्तान्तरण कार्यक्रमहरुगर्दै आईरहेको गर्भनर कार्कीले जानकारी दिएका थिए ।

पदभारग्रहण गर्नुहुँदै क्लवले लिएको उदेश्यहरु पुरागर्न आफू कट्टीबद्धभएर लागने लायन्स क्लव अफ विराटनगर ग्रिनसिटीका अध्यक्ष विश्वकान्त दाहालले वताउँदै । लायन्सको नितीनियम भित्र रहेर सवै सदस्यहरुसंग हातेमालो गर्दै अघिबढने प्रतिवद्धता जनाएका थिए ।

लायन्स क्लव अफ विराटनगर ग्रिनसिटीकी अध्यक्ष पदमा यसअघि जयन्ती प्रधान रहनुभएको थियो ।

क्लवले आयोजित गरेको पदभार हस्तान्तरण कार्यक्रममा लायन्स क्लब अन्तर्राष्ट्रिय सल्लाहाकार एवंम समाजसेवी देवकृष्ण मुन्दरालाईं लायन्स क्लब अन्तर्राष्ट्रिय लोगो सहित कदर-

वांकी अन्तिम पेजमा...

## कालोबजारी गर्ने जुत्ता पसल धनीलाई २ लाख जरीवाना

विराटनगर । अहिले बजारमा व्यापारीको मनपर्दी बस्तुको मुल्य राखेर समानहरु विक्री वितरण गरेको गुनासोको आधारमा बजार अनुगमन गर्दा एक जुत्ता पसलका व्यापारीले ४ सय रूपैयाँ पर्ने जुत्ता २ हजार रुपैयाँसम्म बिक्री वितरण गर्ने गरेको फेला परेको छ ।

विराटनगर महानगर पालिका वडा नं.७ मा रहेको 'सुरभी रिटेल' नामको जुत्ता पसलले ४ सय रूपैयाँमा खरिद गरेको जुत्ता १ हजार १ सय ५० देखि १ हजार ९ सय ५० रूपैयाँसम्म उपभोक्तालाई बिक्री गरेको अनुगमनको क्रममा फेला परेको थियो ।

जुत्ता पसल व्यापारीले १७० देखि ३७५ प्रतिशतसम्म मुनाफा लिएर नेपालमै उत्पादन भएको 'हाइलाइफ' कम्पनीको जुत्ता बिक्री वितरण गरेको बिहीबार वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरले सहितको अनुगमन टोलीले सो कालो बजारी फेला पारेको थियो । कालोबजारी र चर्को मूल्य लिएको भेटिएपछि उक्त पसल धनीलाई २ लाख रुपैयाँ जरिवाना गरेको थियो ।

कानुनी व्यवस्था अनुसार व्यापारीले खरिद मूल्यको २० देखि २५ प्रतिसम्म मुनाफा राखेर वस्तु

वाँकी अन्तिम पेजमा...

## मानव अधिकार सुक्ष्म विषय

विराटनगर । प्रदेश १ का सामाजिक विकास मन्त्री जयराम यादवले मानव अधिकार शुक्ष्म विषय भएको बताउनु भएको छ । उहाँले हामीले गर्ने व्यवहारमा मानव अधिकार जोडिएको वताए ।

७३ औं अर्न्तराष्ट्रिय मानव अधिकार दिवसका अवसरमा शुक्रवार विराटनगरमा मानवअधिकार सञ्जाल, इन्सेक, मानवअधिकार रक्षाक परिषद् लगायतका संस्थाहरुद्धारा आयोजित कार्यक्रममा मन्त्री यादवले सो कुरा वताएका थिए । उहाँले मानव अधिकार क्षेत्रको विकासका लागि आफ्नो साथ सहयोग निरन्तर रहने प्रतिवद्धता जनाउँदै मानव अधिकारको क्षेत्रमा लाग्नु भएका संघ-संस्थालाई प्रदेश सरकारको तर्फबाट पूर्ण सहयोग

वाँकी अन्तिम पेजमा...

## बजेट व्यवस्था गर्छु : मन्त्री आले

विराटनगर । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर आले विराटनगर विमानस्थल विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गर्ने बताएको छ ।

विराटनगर विमानस्थलमा शुक्रवार सञ्चारकर्मीहरुसँग संक्षिप्त कुरा गर्दै सो कुरा मन्त्री आलेले बताएका हुन् । उनले आगामी आइतबार वस्ने क्यानको वैठकबाट सो सम्वन्धि निर्णय गरिने जानकारी दिए । मन्त्री आलेले विराटनगर विमास्थललाई विस्तारका लागि नेकपा एकिकृत समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले समेत निर्देशन दिनु भएको हुनाले सो सम्वन्धमा आवश्यक कार्य गर्ने प्रतिवद्धता जनाएका थिए ।

विराटनगर विमानस्थलमा विस्तारमाका अधिग्रहण गरिने जग्गाको मुआव्जा वितरणका लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्व गठन गरिएको समितिको निर्णय अनुसार गरिने बताए । विराटनगर विमानस्थल विस्तारका सम्वन्धमा जिटुजि, वुट तथा इपसियु तीन मोडल मध्ये एकको आधारमा कार्य गरिने जानकारी मन्त्री आलेले दिए । उनले नेपालमा हाल संचालनमा रहेका ३५ विमानस्थलका विस्तार, सुदृढीकरणका सम्वन्धमा उक्त वैठकले निर्णय गर्ने जानकारी दिएको थियो ।

मन्त्री आलेले विराटनगर

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
9842033365
9805391277
BIRATNAGAR
Chattdev007@gmail.com

All types of Fabrication, Furniture, Prefab, Truss are available.

## पत्रकार...

कि राजनीतिक दलको केन्द्रीय सदस्य भनेर सोध्न थालेपछि तपाइहरूको पनि शिर निहुरिएला, त्यो दिन आउन नदिऔँ ।

अहिले जिल्ला तहमा पत्रकारिता गरिरहेकाहरू कुनै दलमा आवद्ध भएकै आधारमा घोचपेच र अपमान सहेर बसिरहेका छन् । केन्द्रीय पदाधिकारीहरू चाहिँ खुलेआम दलमा भाग मागेर प्रचार गर्दै हिँडिरहेका छन् । पहिले खोलाको मुहान सफा हुनुपर्दछ, अनिमात्रै तलसम्म सफा पानी पुग्छ । महासंघले पहिले मुहान सफा गर्नुपर्दछ । महासंघको केन्द्रीय समितिमा रहेकाहरू जो राजनीतिक दलमा केन्द्रीय, प्रदेश र जिल्ला सदस्य तथा केन्द्रीय महाधिवेशन प्रतिनिधि छन्, उनीहरूलाई कारवाही गरी पत्रकार महासंघको सदस्यता खारेज गरिनुपर्दछ । त्यसो हुन सकेमा पत्रकारिता क्षेत्र शुद्ध र विश्वसनीय हुन सक्दछ । रातो पाटी

## मानव अधिकार...

रहने वताएका थिए ।

प्रदेश १ लाई मानव अधिकार मैत्री बनाउन चाहेको साथै कुनैपनि नागरिक पीडित हुनु नपरोस् भन्ने मेरो चाहना छ, तपाईहरुले यसमा मलाई सल्लाह सुझाव दिन आग्रह गरेका थिए ।

मन्त्री यादवले मधेश आन्दोलनमा मानव अधिकारकर्मीको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्दै आन्दोलनको समयमा आफु सँधै मानव अधिकारकर्मीहरुसँग संवादमा रहने गरेको पनि स्मरण गर्नुभयो । कार्यक्रममा मन्त्रीयादवले लामो समय देखि मानव अधिकारको क्षेत्रमा लाग्नु भएका अधिकारकर्मी दिनेश श्रेष्ठ र सञ्जु साहलाई सम्मानित गर्नु भएको थियो ।

## कालोबजारी...

बिक्री गर्नुपर्छ । तर, सुरभी रिटेलले अत्याधिक मुनाफा आर्जन गरि जुत्ता बिक्री वितरण गरेको भेटिएपछि उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार जरिवाना गरिएको वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरका निमित्त कार्यालय प्रमुख सन्तोष पोखरेलले जानकारी दिएका थिए ।

त्यसैगरी कपडाको होलसेल गर्ने 'बञ्जारन' लाई पनि वाणिज्य कार्यालयले कारवाही गरेको छ । कपडा खरिद र बिक्री गरेको बिलबिजक जारी नगरेको पाइएपछि उपभोक्ता संरक्षण ऐन अनुसार २० हजार रुपैयाँ जरिवना गरिएको पोखरेलले जानकारी गराएको थियो ।

## बजेट...

विमानस्थलमा यात्रु सामान ढुवानीमा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने त्यसका लागि लाग्ने बजेट निकासा गर्ने बताए । मन्त्रीले आले विराटनगर विमानस्थलको टिकट कक्ष लगायत अन्य अन्य क्षेत्रको निरीक्षण गरी गर्नु पर्ने सुधारका लागि आवश्यक पहल गर्न निर्देशन समेत दिएका थिए ।

# कोरोनाको नयाँ भेरियन्ट नियन्त्रलको लागि प्रदेश सरकार तयारी अवस्थामा




विराटनगर । प्रदेश १ का सामाजिक विकास मन्त्री जयराम यादवले कोरोनाको नयाँ भेरियन्ट 'ओमिक्रोन' नियन्त्रणको राम्रो तयारी भईरहेको वताएको छ । कोरोना संक्रमण नियन्त्रणका लागि विगतमा भएका तयारी भन्दा राम्रो तयारी भईरहेको वताए ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) ले विराटनगरमा आयोजना गरेको शिक्षा, स्वास्थ्य, खाध्य तथा आवास अधिकारका सवालमा सरोकारवालावीच गरिएको प्रदेश स्तरिय अर्न्तक्रिया कार्यक्रममा मन्त्री यादवले सो जानकारी दिनुभएका थियो ।

१४ वटै जिल्लामा सञ्चालित कोभिड उपचार सेन्टरहरुलाई तयारी अवस्थामा रहन निर्देशन दिईसकिएको भन्दै प्रदेश सरकारले सञ्चालन गरेको कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रमा पनि वेडहरु थप गरिएको जानकारी गराएका थिए ।

प्रदेश सरकार कोरोनाको नयाँ भेरियन्टको नियन्त्रणका लागि सजग रहेको मन्त्री यादवको भनाई छ । कोरोना संक्रमण हुन नदिनका लागि स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउन आमनागरिकलाई आग्रह गरेका थिए । साहस नै रोगको उपचार भएकाले स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाए कोरोनाबाट डराउनु नपर्ने मन्त्री यादवको भनाई थियो ।


## हार्दिक बधाई तथा शुभकामना



विराटनगर महानगर पालिका वडा नं. ८ प्रगती टोल निवासी श्याम सुन्दर सुतिहार र मंजु शर्माको छोरा **श्रेय शर्माको** मंसिर २६ गते जन्म दिन परेकोले हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उज्वल भविष्यको कामना गर्दछौ ।

**क्राईम अपरेशन साप्ताहिक परिवार**
**विराटनगर**

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ **X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

१९

## लागुऔषध रहित परिवार स्वास्थ्य जीवनको आधार

- लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ ।
- लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्रीवितरण तथा सेवन कानुनत: दण्डनीय छ ।
- गैर कानूनी गतिविधिमा आफु पनि नलागौं अरुलाई पनि लाग्न नदिऔ ।

**स्वास्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

छोरा छोरीमा भेद्भाव नगरौ । छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं ।

*यो धुम्रपानको आद्त सजिलो तरीकाले कहाँ छुट छ,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।*


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### यूवा पुस्तालाई नेतृत्व खोई ?

नेपालमा राजनीतिक दलहरुको अहिले केन्द्रिय महाधिवेश कसैको भई सकेको छ भने कसैले शुरुवात गरेको छ भने कसैले केही दिन भित्रै गर्ने सुरसार गरि रहेको छ । भरखरै चितवनमा भएको नेकपा एमालेको महाधिवेशनमा विना कुनै छलफल नै नगरी एकलौटी रुपमा महाधिवेशनमा निर्वाचण गरी फेरी पुरानै अनुहारका बढाहरुको हालिमोहाली देखिएको छ । देशमा सत्ता परिवर्तन गर्नका लागि यूवा पिढीलाई अगाडी राखेर आन्दोलन गराउने आन्दोलन सफल भएपछि सत्तामा उही पुराना अनुहार पुग्नाले देशमा कागजी रुपमा परिवर्तन देखिएको छ तर व्यवहारमा कुनै परिवर्तन देखिएको छैन । नेकपा एमालेको महाधिवेशनमा व्यक्तिलाई बलियो बनाउने गरी केपी शर्मा आली नै पुनः अध्यक्षमा चुनिएपछि यूवा जमातको अनुहार मलिन भएको छ । त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीले काठमाण्डौमा भएको महाधिवेशले पुरानालाई पखा लगाउँदै नयाँ पुस्ताको यूवा अध्यक्ष आएको छ  तर राप्रपाले राजालाई वोक्ने पार्टी भएकोले त्यसलाई खासै चासोको रुपमा देखिएको छनै । लोकतान्त्रिक पार्टीहरुमा यूवामा नेतृत्व हस्तान्तरण हुने सम्भावना देखिदैन ।

कांग्रेसको १४ औं महाधिवेशन अहिले काठमाण्डौमा नेतृत्वको लागि १३४ पदका लागि ५४८ जनाको उम्मेदवारी दर्ता गराएका छन् ।सभापति पदमा अधिकतर पुरानै अनुहार शेरबहादुर देउवा, शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कल्याण गुरुङ र युवराज न्यौपानेले मनोनयन दर्ता गराएका छन् । त्यसैगरी उपसभापतिमा विजय गच्छदार, पूर्णबहादुर खड्का, धनराज गुरुङ, चन्द्र भण्डारी, सुजाता कोइराला र दिव्यश्वरी शाहले मनोनयन दर्ता गराएका छन् । गच्छदार र खड्का देउवाको प्यानल, गुरुङ र भण्डारी कोइरालाको प्यानल, सुजाता कोइराला प्रकाशमान सिंह प्यानल र दिव्यश्वरी शाहले विमलेन्द्र निधिको प्यानलबाट उम्मेदवारी दिएको छ । महामन्त्रीमा डा. प्रकाशशरण महत, प्रदीप पौडेल, डा. मिनेन्द्र रिजाल, गगन थापा, विश्वप्रकाश शर्मा र डा. राजाराम कार्कीले मनोनयन दर्ता गराएका छन् । महत र पौडेल सभापति देउवा, रिजाल र थापा कोइराला, शर्मा प्रकाशमान सिंह र कार्कीले निधि प्यानलबाट उम्मेदवारी दिएका हुन् ।

त्यस्तै पुराना अनुहारहरुनै अन्य पदमा उम्मेदवारी दिएका छन् । खास गरी समावेशीको लागि आदीवासी जनजाति, दलित, महिला, मधेशी, खस आर्यको कोटाले गर्दा केही यूवाहरुको प्रतिनिधित्व अवश्य हुन्छ । तर हाली मोहाली भने पुरानै अनुहारको हुने पक्का छ । देशको बागडोर जव सम्म यूवाहरुको हातमा आउँदैन तव सम्म देशको विकास र समृद्धि असम्भव छ । त्यसका लागि यूवाहरुले व्यक्तिगत स्वार्थ छोडेर आफ्नो बुद्धि विवेकले अगाडी बढ्न जरुरी छ । केही स्वार्थकै कारण बुढा पाका नेताहरुको चाकरी गर्नुले यूवाहरुले आफ्नो भविष्य आफै विगारी रहेको छ ।  जवको नेपालमा रहेको राजनीतिक दलहरुमा यूवा पिढीको ठूलो जमात छ । तर देशको  शासन व्यवस्था र कर्सीमा पुरानै अनुहारको हाली मोहाली छ । पुराना अनुहारवाट नेतृत्व पुस्तान्तरण कहिले पनि हुदैन । यूवाहरुले नेतृत्व खोसेर लिनु अहिलेको आवश्यकता हो ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ।  भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा  तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# 'पत्रकार' महोदय, तपाई दलकै निर्वाचन लड्नुस्

**गिरीजा अधिकारी**

नेपाल पत्रकार महासंघले मंसिर ५ मा विज्ञप्ति निकालेर आफ्ना सदस्यहरूलाई विधानमा उल्लेख गरिएको व्यवस्थाहरूबारे सचेत गरायो । उसले सार्वजनिक गरेको विज्ञप्तिमा भनेको छ-

नेपाल पत्रकार महासंघको विधान २०६० (पाँचौं संशोधन) २०७६ ले प्रष्ट रूपमा 'महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भातृसंगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न पाउने छैन' भन्ने कुरा व्यवस्था गरेको छ । राजनीतिक दल वा भातृसंगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गरेमा संगठन समितिको सिफारिसमा केन्द्रीय समितिले स्पष्टीकरण सोध्ने, निलम्बन गर्ने र सदस्यता खारेज गर्ने निर्णयसमेत गर्न सक्नेतर्फ ध्यान दिन महासंघ आग्रह गर्दछ ।

यसरी पत्रकार महासंघले दुनियाँलाई देखाउनकै लागि भएपनि जारी गरेको विज्ञप्तीले पत्रकारहरूको वास्तविकतालाई पुष्टि गरेको छ र पत्रकारिताको असली अनुहार देखाइदिएको छ । विडम्वना पत्रकार महासंघमा बहाल रहेका केन्द्रीय पदाधिकारीहरू नै राजनीतिक दलका जिल्लास्तरदेखि केन्द्रीय स्तरसम्म आवद्ध भएका छन् । राजनीतिक दलको महाधिवेशनमा प्रतिनिधिको उम्मेदवार भएका छन् । सामाजिक सञ्जाल र जताजतै उनीहरूले प्रचारसामग्री प्रदर्शन गरिरहेका छन् । पत्रकार महासंघका केन्द्रीय पदाधिकारीहरूले यस्ता गतिविधि गरेर अहिले पत्रकारको टाउको निहुराइदिएका छन् ।

पत्रकार महासंघका पदाधिकारी हरू राजनीतिक दलका पेशागत संगठन प्रेस युनियन, प्रेस चौतारीहरूमा आवद्ध हुने कुरा स्वाभाविक मान्न सकिएला । तर दलकै केन्द्रीय सदस्य, प्रदेश तथा जिल्ला सदस्य आदिमा बस्न उनीहरूलाई कुन नैतिकताले दिइरहेको छ, यो स्वीकार गर्नै नसकिने कुरा हो । पत्रकार महासंघको समग्र संरचना नै कमजोर भएका कारणले पनि नेपाली पत्रकारितामा यस्तो हदको वेथिति थुप्रिएको छ । एउटा विज्ञप्ती निकालेर झारा टार्नुभन्दा महासंघको विधानअनुरुप उनीहरूलाई कारवाही गरिनु पर्दछ । व्यक्तिगत रुपमा महासंघ का केन्द्र तथा अन्य संरचनामा रहेका मित्रहरूप्रति मेरो कुनै बैरभाव छैन । तर, समग्र पत्रकारितालाई नै दुषित बनाउन भइरहेका क्रियाकलापहरू भर्त्सनायोग्य छन् र पत्रकारिताका नीतिपद्धति विपरित छन् ।

आमसदस्यहरूले जुन विश्वास र भरोसाले मत दिएका थिए, सोही मतको सम्मान गर्न नसक्ने हो र राजनीतिक दलको जिल्ला, प्रदेश वा केन्द्रीय सदस्य बन्न चाहने हो भने उनीहरूले महासंघबाट विदा लिनु पर्दछ । एउटा सदस्यको प्रारम्भिक दायित्व भनेको उसले आफू सदस्य रहेको संस्थाको विधानअनुरुप कार्य गर्नु हो ।

आमपत्रकारहरूले पत्रकार हरूको हकहित र पत्रकारिताको व्यावसायिक विकासका लागि आफ्ना नेतृत्वहरू चुनेका हुन् । महासंघ उनीहरूको प्राथमिकताको विषयभित्र नपर्ने हो भने भर्खरै महासंघको सदस्यता त्याग्ने हिम्मत गर्दा त्यसलाई सहजै स्वीकार गर्न सकिन्छ । आमसदस्य हरूले जुन विश्वास र भरोसाले मत दिएका थिए, सोही मतको सम्मान गर्न नसक्ने हो र राजनीतिक दलको जिल्ला, प्रदेश वा केन्द्रीय सदस्य बन्न चाहने हो भने उनीहरूले महासंघबाट विदा लिनु पर्दछ । एउटा सदस्यको प्रारम्भिक दायित्व भनेको उसले आफू सदस्य रहेको संस्थाको विधानअनुरुप कार्य गर्नु हो । विधानभन्दा बाहिर गई गतिविधि गर्दा ऊ कारवाहीको भागिदार बन्नु पर्दछ ।

नेपाली पत्रकारिता क्षेत्र अहिले जटिल अवस्थामा छ । कोभिडका कारण तहसनहस भएको यो क्षेत्रलाई सबल बनाउनुपर्ने र त्यसका लागि आवाज उठाउनु पर्नेहरू राजनीतिक दलमा भाग खोजेर समय बर्वाद गरिरहेका छन् । महासंघले नेपाली पत्रकारिता क्षेत्रले भोगेका संकट र समाधानबारे छलफल गर्नुपर्ने हो । तर, महासंघका पदाधि कारीलाई यस्ता काम गर्न फुर्सद छैन । उनीहरूलाई दलमा कहाँनेर भाग पाइन्छ भन्ने चिन्ता छ र त्यसका लागि नेताका दैलो चहार्नबाट फुर्सद छैन ।

नेपाली पत्रकारहरूले अहिले जुन संकटको सामना गरिरहेका छन्, त्यो चानचुने छैन । मिडियाहरू धरासायी भएका छन् र श्रमजीवी पत्रकारहरूको अवस्था नाजुक छ । यस्तो अवस्थाबाट कसरी पार गराउन सकिन्छ भनेर एक मिनेट हाम्रा लागि नसोचिदिने नेतृत्व हामीलाई आवश्यक छैन । हाम्रा लागि चिन्ता गरिदिने नेतृत्वको खाँचो हामीलाई छ । यसो भनेर ती नेतृत्वले हाम्रा लागि चामलको जोहो गरिदिऊन् भन्ने चाहना राखिएको होइन । समग्र पत्रकारिताका नीतिगत कुराहरूमा महासंघका हाम्रा नेताहरू सतिसालझैं खडा भएको हेर्ने रहर आमपत्रकारको छ ।

अहिले नेपाल पत्रकार महासंघले आफ्ना सदस्यहरूका निम्ति प्रभावकारी योजना बनाउनु पर्ने हो । यहाँ त कतिसम्म भने महासंघको सदस्यता परिचयपत्र पनि बेलामा सदस्यहरूले प्राप्त गर्न सकेका छैनन् । वर्ष नाघेपछि महासंघको परिचयपत्र हात लाग्ने अवस्था विद्यमान छ । आफ्ना सदस्यहरूलाई बेलैमा परिचयपत्र उपलब्ध गराउने ल्याकत नभएकाहरूलाई हामीले हाम्रा नेता मानिदिनु परेको छ । श्रमजीवीका एजेण्डा बोकेर उनीहरूको हितमा जुध्नुपर्ने महासंघ निरीह भएको छ । पत्रकारिताको विकासमा 'क्रियटिभ' योजनाहरू ल्याउनुपर्ने महासंघ आफै चीरनिन्द्रामा छ । र, दलको आवरणमा महासंघ धुमिल भइरहेको छ । यो अहिलेको पत्रकार महासंघ र नेपाली पत्रकारिताको वास्तविकता हो । यो अत्यन्त चिन्ताको विषय पनि हो ।

पत्रकार महासंघ साझा संस्था हो । अहिले साझा संस्था हुनुको गुण यसले विस्तारै गुमाइरहेको छ । देशको राजनीति सङ्लो हुँदा मात्रै सबै अवयवहरू सफा  हुने हुन् । राजनीतिक दलबिहीनताको कल्पना लोकतन्त्रमा हुँदैन । निर्वाचनका बेला आफूलाई मन परेको दल र उम्मेदवारलाई मत प्रयोग गर्ने कुरा पनि जायज हो ।  तर, यसो भनेर पत्रकार महासंघको नेतृत्वमा रहेकाहरूले दलमा कोटा खोज्ने, दलको महत्वपूर्ण जिम्मेवारी लिने र बाहिर आफ्नो प्रभाव जमाउन 'म नेपाल पत्रकार महासंघको फलानो हुँ' भनेर 'पत्रकार' लाई निहुरिन बाध्य पार्ने गतिविधि मान्य हुँदैन । यो कुनै चेतावनी होइन, सरल र सभ्य भाषामा महासंघका पदाधिकारी हरूलाई गरिएको अनुरोध हो । दशकौंदेखि महासंघको सदस्य रहेका कारण महासंघमा देखिएका कमीकमजोरी औल्याउनु म आफ्नो कतर्व्य ठान्दछु ।

महासंघका पदाधिकारीले दलमा पनि जिम्मेवारी लिँदा हामीलाई आममानिसले कुन दलको पत्रकार हो भनी प्रश्न गर्न थालिसकेका छन् । नागरिकको यो प्रश्नले असल पत्रकारहरूलाई घोचिरहेको छ । नेपाल पत्रकार महासंघको सदस्य हुने, राजनीतिक नियुक्ति खाने र आफूलाई त्यसरी नियुक्ति दिने दलको महाविधेशन प्रतिनिधि बन्ने, जिल्ला र केन्द्रीय सदस्य बन्नेहरूले महासंघलाई कमजोर बनाइरहेका छन् ।

महासंघले आफ्ना गतिविधिमा सुधार नगर्ने हो भने हामीले अन्तर्राष्ट्रिय पत्रकार महासंघलाई समेत यस्ता विषय अवगत गराउनुपर्ने हुन्छ । अहिले नेपाल पत्रकार महासंघको गतिविधि स्वतन्त्र र निष्पक्ष छैन भनी यसको सदस्यता खारेज गर्न माग गर्नुपर्ने अवस्था बन्न सक्दछ । महासंघका पदाधिकारीले दलमा पनि जिम्मेवारी लिँदा हामीलाई आममानिसले कुन दलको पत्रकार हो भनी प्रश्न गर्न थालिसकेका छन् । नागरिकको यो प्रश्नले असल पत्रकारहरूलाई घोचिरहेको छ । नेपाल पत्रकार महासंघको सदस्य हुने, राजनीतिक नियुक्ति खाने र आफूलाई त्यसरी नियुक्ति दिने दलको महाविधेशन प्रतिनिधि बन्ने, जिल्ला र केन्द्रीय सदस्य बन्नेहरूले महासंघलाई कमजोर बनाइरहेका छन् । उनीहरू ठान्छन् कि महासंघ उनीहरूको विर्ता हो र यसलाई हिजो, आज र भोलि यसैगरी पंगु बनाउन सकिन्छ । यस्ता दुषित कार्य लामो समयसम्म चल्न सक्दैन । देशका नागरिक सचेत हुन थालिसकेका छन् । एकदिन चोकचोकमा बसेर नागरिकहरूले समात्दै तिमी पत्रकार

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२०००० 
इटहरी बारुणयन्त्र ५८०१०१ 
धरान बारुणयन्त्र ५२०१९९ 
इनरुवा बारुणयन्त्र ५६०१०१ 
दमक बारुणयन्त्र ०२३-५८०१०१ 
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३ 
नेरेसो रंगेली ५८००४८ 
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४ 
रंगेली अस्पताल ५८००४८ 
आँखा अस्पताल ५२३७०६ 
सुरक्षा अस्पताल प्रा.लि. 
०२१-५३६९४१, ५२२८७७ 
एम्बुलेन्स ९८०२७५३७१७, 
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय 
०२१-४३५००१ 
जिल्ला प्रहरी कार्यालय 
५३०३५८, ५२३९०१,१०० 
नगर प्र.का.. बिराटनगर 
५२१८५०, ५३०३६७, ११०, 
इ.प्र.का. रंगेली 
८०१००८०१३० 
इ.प्र.का. उर्लाबारी 
०२१-५४०००२ 
सिमा प्रहरी चौकी 
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# बैंक कसुर मुद्दाको फरार प्रतिवादीहरु पक्राउ



विराटनगर । बैंकिङ कसुर मुद्दाको फरार प्रतिवादी सुनसरीको धरान उप-महानगरपालिका वडा नं. ३ का २८ बर्षिय केमन खड्कीलाई पक्राउ गरिएको छ ।

बैंकिङ कसुर मुद्दामा मिति २०७८ बैशाख १६ गते को सजाय निर्धारण फैसला आदेशले १ बर्ष ६ महिना कैद र ९ लाख ७४ हजार ४ सय जरिवाना भई असुल गर्न बाँकी रहेका खड्कीलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय, रिट समुह बिराटनगरबाट खटिएको प्रहरी टोलिले खोजतलास गर्दा गाँउघरमै लुकिछिपी बसेको अबस्थामा आज दिँउसो पक्राउ गरेको थियो ।

पक्राउ परेका खड्कीलाई सम्मानित जिल्ला अदालत सुनसरीमा दाखिला गरी कैद भुक्तानको लागि कारागार चलान गरिएको छ ।

त्यसैगरी बैकिङ कसुर मुद्दाको फरार प्रतिवादी सुनसरी धरान उम-महानगरपालिका वडा नं. १२ का ३३ बर्षिय श्रबण कुमार ठाकुरलाई पक्राउ गरिएको छ ।

बैकिङ कसुर मुद्दामा मिति २०७७ माघ २६ गते को सजाय निर्धारण फैसला आदेशले ३ दिन कैद र २ लाख ४० हजार जरिवाना भई असुल गर्न बाँकी रहेका ठाकुरलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय, रिट बिराटनगरबाट खटिएको प्रहरी टोलिले खोजतलास गर्दा गाँउघरमै लुकीछिपी बसेको अबस्थामा पक्राउ गरी सम्मानित जिल्ला अदालत सुनसरीमा दाखिला गरी कारागार चलान गरिएको छ ।

# सवारी दुर्घटनामा परी २ जना को मृत्यु १ जना घाइते

बिराटनगर र सुनसरी र उदयपुरका दुई छुट्टाछुटै ठाँउमा सवारी दुर्घटनामा परि २ जनाको मृत्यु र १ जना घाईते भएका छन् ।

विहीवार सुनसरीको कोशी गाँउपालिका वडा नं. २ लौकहरी स्थित मधुबन सडक खण्डमा को २ त ९९६७ नम्बरको ट्रयाक्टरले को ३६ प ४०२७ नम्बरको मोटरसाईकललाई ठक्कर दिँदा स्थानिय ४० बर्षिय मनोज यादव घाईते भई उपचारको लागि जिल्ला अस्पताल ईनरुवा पठाईएकोमा उपचारको क्रममा मृत्यु भएको थियो ।

ट्याक्टर चालक कोशी गाँउपालिका वडा नं. २ का १८ बर्षिय जितेन यादवलाई जिल्ला प्रहरी कार्यालय सुनसरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।

त्यसैगरी उदयपुरको त्रियुगा नगारपालिका वडा नं. ११ स्थितमा बेल्टारबाट गाईघाट आउदै गरेको प्रदेश नम्बर १ -०५-००१ प ३५९२ नम्बरको मोटरसाईकलले ठक्कर दिँदा स्थानिय ४६ बर्षिय कर्ण सुन्दास, त्रियुगा वडा नं. १३ राई चौकका चालक २९ बर्षिय बिरेन राई समेत घाईते भई उपचारको लागि न्युरो हस्पिटल बिराटनगर पठाईएकोमा उपचारको क्रममा सुन्दासको भएको थियो ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

### १. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

### २. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

### 3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

# कोरोनाको नयाँ आमिक्रोन भेरियन्ट कस्तो, नेपाल कति जोखिममा ?

डा. शेरबहादुर पुन

दक्षिण अफ्रिकामा कोरोना भाइरसको अस्वाभाविक तीव्रता बढ्दै गएपछि ९ नोभेम्बरमा संकलन गरिएको नमूनाको जेनेटिक विश्लेषण गर्दा बी.१.१.५२९ भाइरस भएको पत्ता लाग्यो ।

सो भाइरसमा अत्यधिक जेनेटिक कोडमा परिवर्तन देखिएपछि २४ नोभेम्बरमा विश्व स्वास्थ्य संगठनलाई सो नयाँ भाइरसको बारेमा जानकारी दिइयो ।

२६ नोभेम्बरमा विश्व स्वास्थ संगठनले प्रेस विज्ञप्तिमार्फत् सो भाइरसलाई 'ओमिक्रोन भेरियन्ट' नामकरण गऱ्यो र यसलाई 'भेरियन्ट अफ कन्सर्न' अन्तर्गत राखिएको छ ।

प्रारम्भिक नतिजाले अरू 'भेरियन्ट अफ कन्सर्न' का भाइरसभन्दा 'ओमिक्रोन भेरियन्ट' ले बढी रि-इन्फेक्सन (पुन: संक्रमण) गराउन सक्ने क्षमता देखाएको भनिएको छ ।

धेरै प्रयोगशालामा गरिएको पिसिआर परीक्षणमा कोरोना भाइरसको स्पाइक जीन देखाउन वा पत्ता लगाउन नसकेको भनिएको छ। यसबाट यो भाइरसको स्पाइक जीनमा ठूलो परिवर्तन भएको संकेत गर्दछ ।

अहिले स्पाइक जीनमा देखिएको ठूलो परिवर्तनले गर्दा नै वैज्ञानिकहरूमा चिन्ता बढेको छ ।

हाल उपलब्ध अधिकांश खोप कोरोनाको स्पाइक जीनलाई नै लक्षित गरेर विकास गरिएका छन्। तर खोप लगाएपछि बनेका एन्टिबडीले स्पाइक जीनमा अत्यधिक स्वरूप परिवर्तन भए त्यसको पहिचान गरी निष्क्रिय पार्न सक्ने सम्भावना कम हुनेछ ।

अर्थात्, खोपको हाल स्थापित प्रभावकारिताको स्तर खस्कन सक्ने सम्भावना रहन्छ। यसैलाई आधार मानेर एकथरीले खोप नै पूर्ण प्रभावहीन हुने आकलन गरिरहेका छन् ।

यस्तै, सम्भावना/अनुमान 'डेल्टा भेरियन्ट'मा पनि गरिएको थियो। 'डेल्टा भेरियन्ट'विरूद्ध खोपको प्रभावकारिता क्लिनिकल ट्रायलमा देखिएकोभन्दा केही खस्किएको भएता पनि समग्रमा धेरैलाई जटिल वा मृत्यु हुनबाट जोगाएको थियो ।

यसको राम्रो उदाहरणमा नेपाललाई लिन सकिन्छ। किनभने दोस्रो लहरको कारक मानिएको डेल्टा भेरियन्टले खोप लगाएकाहरूमा जटिल अवस्था ल्याएर अस्पतालको सघन उपचार कक्षसम्म ल्याएको लगभग देखिएन ।

अर्थात् अधिकांश बिरामीहरू खोप नलगाएकाहरू नै थिए ।

दक्षिण अफ्रिकामा दुई मात्रा पूर्ण खोप लगाएकाहरू कम भएकाले पनि भाइरस तीव्र गतिमा फैलिएको वा संक्रमितमा जटिल अवस्था देखिँदै गरिरहेको हुनसक्छ। तर दुई मात्रा पूर्ण खोप लगाइसकेका देशहरूमा पनि 'ओमिक्रोन भेरियन्ट' ले जटिल अवस्था ल्याउन थाले भने चाहिँ अहिले विकास भएका खोपहरू प्रभावविहीन रहेछ भन्ने आधार हुनेछ। तसर्थ कुनै परीक्षण वा अनुसन्धानबिना खोपले पूर्ण रूपमा कामै गर्दैन भन्नु तर्क संगत देखिँदैन ।

त्यस्तै 'ओमिक्रोन भेरियन्ट' डेल्टाभन्दा पनि कडा छ वा हुनसक्छ भन्ने पर्याप्त आधार पनि देखिँदैन ।

धेरै जेनेटिक कोड परिवर्तन हुनेबित्तिकै भाइरसको अघिल्लो भेरियन्टभन्दा फरक हर्कत हुनसक्छ तर त्यो कडा वा नरम जे पनि हुनसक्छ र 'ओमिक्रोन भेरियन्ट' को घातकताबारे आजको मितिसम्म अध्ययनकै विषय बनेको छ। यसबारे तथ्यहरू बाहिर आइसकेका छैनन् ।

दक्षिण अफ्रिकामा देखिएको 'ओमिक्रोन भेरियन्ट' ले विश्वमा जस्तै नेपालमा पनि पछिल्लो केही दिनयता त्रास बढाएको छ ।

नेपाल कति जोखिममा छ भन्ने चासो सबैमा बढ्दै गएको देखिन्छ ।

नेपालमा मुख्यतय दुई नाकाबाट 'ओमिक्रोन भेरियन्ट' प्रवेश गर्ने सम्भावना देखिन्छ। एक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भने अर्को नेपाल-भारत खुला सीमाना ।

विगतमा पनि यी दुई नाकाबाट कोरोना भाइरस नेपाल भित्रिएको अनुभव छ ।

भारतमा 'ओमिक्रोन भेरियन्ट' फैलिन सुरू भए नेपालमा आउनबाट पूर्णरूपमा रोक्न लगभग असम्भव छ भन्ने विगतको अनुभवले पनि देखाएको छ ।

तसर्थ, नेपालमा संकलन गरेका नमूनाको पिसिआरमा 'एस जीन' नेगेटिभ देखिए जीन सिक्वेन्सिङ गरी 'ओमिक्रोन भेरियन्ट' हो वा होइन भनेर पुष्टि गर्नुपर्छ ।

त्यस्तै, नेपालमा राजनीतिक जमघट बढ्दै जाँदा कोरोनाको जोखिम पनि बढ्दै गइरहेको छ। डेल्टा भेरियन्टले उचाइ लिनुभन्दा अगाडि पनि यस्तै ठूल्ठूला राजनीतिक जमघट/सभा सम्मेलन भएका थिए ।

आजको मितिसम्म 'ओमिक्रोन भेरियन्ट' बारेमा तथ्य कम, अनुमान बढी हुँदै आइरहेका छन् ।

प्रारम्भिक नतिजाले यो भाइरस छिटो फैलिने तथा अरू भेरियन्ट भन्दा बढी पुन: संक्रमण गर्न सक्ने क्षमता बढिरहेको भनिएको छ। तर कति घातक र खोपको प्रभावकारितालाई कति र कसरी चुनौती दिनसक्छ भन्ने बारेमा पूर्ण जानकारी आउन भने बाँकी नै छ ।

तसर्थ, अनुसन्धान, अनुभव बिना 'ओमिक्रोन भेरियन्ट' डेल्टाभन्दा कडा र हाल उपलब्ध खोपहरूलाई पूर्ण प्रभावहीन बनाउँछ भन्नु हतारो हुन्छ। तर पनि 'ओमिक्रोन भेरियन्ट' मा विशेष गरेर स्पाइक जीनमा अत्यधिक म्युटेसन देखिएको हुँदा सबैको मनमा अन्योल, त्रास र आ-आफ्नै अनुमान छन् ।

# जाडोमा गरिने यी ७ गल्तीले स्वास्थ्यमा समस्या

मौसमी परिवर्तनले हाम्रो शरीरलाई धेरै प्रकारले प्रभाव पार्छ। रुघा, खोकी, एलर्जी र ज्वरो असामान्य घटना होइन। कुनै निश्चित वातावरणसँग छिट्टै घुलमिल हुनुको साटो जाडोका कारण अधिकांश समय अल्छी बन्छौं। जसका कारण हामीले जानीनजानी विभिन्न स्वास्थ्य समस्या निम्त्याएका हुन्छौं चिसोमा हामीबाट हुने सामान्य गल्ती :

**थोरै पानी पिउने**

निश्चय नै गर्मी मौसममा जस्तो जाडोमा हामीलाई तिर्खा लाग्दैन। तर, जाडोसँग तिर्खाको कुनै सरोकार छैन। जाडो मौसममा थोरै शारीरिक गतिविधि गर्ने भएकाले हामी कम तिर्खा लाएको महसुस गर्छौं। बेलायतको डायबेटिक एसोसिएसनका अनुसार हाइड्रेड रहन जाडोमा हाम्रो शरीरलाई दैनिक दुई लिटर पानी आवश्यक पर्छ। डिहाइड्रेसनले मिर्गौला, अपच र पेट दुख्ने लगायत समस्या उत्पन्न हुन्छ। जाडो मौसममा अत्यधिक तातो पानी पिउनु हुँदैन। त्यस्तै, चिसो भन्दैमा अत्यधिक कफिनयुक्त खाना पनि खानु हुँदैन।

**बढी लुगा लगाउने**

जाडोबाट बच्न हामीले न्यानो जाकेट, स्विटर र अन्य बाक्ला लुगा लगाउँछौ। तर, धेरै लुगा लगाउनु पनि जाडोबाट बच्ने उत्तम उपाय भने होइन। अत्यधिक लुगाले बढी गर्मी हुने शरीरमा पसिना आउन सक्छ। जब पसिना पग्लिएर फैलन्छ, यसले हामीलाई झन् चिसो बनाउँछ। तसर्थ जाडोमा लुगा लगाउँदा मांसपेशीलाई न्यानो पार्ने तर धेरै लुगामाथि लुगा लगाउनु हुँदैन ।

**हातमा पन्जा र खुट्टामा मोजा**

जाडोबाट बच्न हातमा पन्जा र खुट्टामा मोजा लगाउनु नराम्रो होइन। तर, चिसोलाई जित्ने नाममा जितबेला पनि लगाएर बस्नु भने राम्रो होइन। कुनै पनि मौसमसँग अभ्यस्त हुन हाम्रो हात र खुट्टा मात्र सहज अंग हुन्। हात र खुट्टालाई पनि ढाकेर बस्नुको अर्थ वायुमण्डलमा भएको वातावरणीय परिवर्तनलाई अंगीकार गर्न हामीले हाम्रो शरीरलाई अवरोध गरेका छौं भन्ने अर्थ लाग्छ। जाडोमा मोजा लगाएर कहिल्यै पनि नसुत्नुहोस्। यसले मुटुबाट जोर्नीमा हुने रक्त प्रवाह र रक्त सञ्चालनमा प्रभाव पार्छ। कसिलो मोजा लगाएर सुत्दा जोर्नीमा रगत जम्ने खतरा हुन्छ ।

**आनन्दका लागि खाने**

तौलका बारेमा सबैभन्दा ध्यान दिने भनेको जाडो मौसममा हो। जाडोबाट बच्न हामी मीठा मीठा र बढी चिल्लो, प्रोटिनयुक्त र जंक फुडलगायत खानेकुरा खाने गर्छौं। जाडोको समयमा हाम्रो शरीर पनि अल्छी बन्छ। हामीमध्ये धेरैजसो काम गर्न झन्झट मान्छौं। शारीरिक गतिविधि कम गर्छौं, हिँड्ने र व्यायाम गर्ने भन्दा पनि जतिखेर पनि सिरकभित्रै बस्न मन पराउँछौं। यो राम्रो बानी होइन। जाडोको समयमा न्यानो बन्न ताजा खानेकुरा विशेषगरी फलफूल र सागसब्जी खानुपर्छ। मौसमी फलफूल जस्तै : सुन्तला, अनार, बदाम इत्यादि खाएर पनि ज्यान तताउन सकिन्छ ।

**बढी सुत्ने**

जाडोको समयमा हामी बढी सुत्न खोज्छौं किनभने ब्ल्यांकेटभित्र छिर्नेबित्तिकै स्वाभाविक रुपमै निद्रा आउँछ। बिहान पनि हामी अबेरसम्म बेडमै सुत्न मन पराउँछौं। त्यतिमात्र होइन, बिहानको खाना खाएपछि दिउँसो पनि घाम देखेपछि झुपुक्क सुतौं जस्तो लाग्छ। अझ भनौं, घाम छोड्नै मन लाग्दैन। जाडो सकिनेबित्तिकै सामान्य अवस्थामा फर्किन हामीले निकै प्रयत्न गर्नुपर्छ ।

**भित्रै बस्न मन पराउने**

घाम लाग्दा घाम छोड्न मन नलागे पनि बिहान-बेलुकी अधिकांश समय भित्रै बस्न मन पराउँछौं। बाहिर हिउँ परेका बेला भित्र बस्नु राम्रो कुरा हो। तर, बादल लाग्नेबित्तिकै जाडो मौसममा अधिकांश मानिस निष्क्रिय भएर भित्रै बस्न वा भट्टी पसलमा गएर ज्यान तताउन मन पराउँछन्। यो पनि राम्रो आदत होइन। जाडो मौसममा पार्कतिर घुम्दा वा काममा व्यस्त हुँदा रक्त सञ्चार तीव्र हुनुका साथै तपाईंलाई स्वाभाविक रुपमा न्यानो हुन्छ ।

**अनावश्यक क्रिम र लोसनको प्रयोग**

जाडोमा हामीले गर्ने अर्को गल्ती नानाथरी क्रिम र लोसनको प्रयोग हो। छालालाई चिल्लो बनाउनु राम्रो भए पनि चिकित्सकको सल्लाहबिना जथाभावी मोस्चराइजेसन गर्नु उचित होइन। जथाभावी लोसन दल्दा छालाको एलर्जी हुनुका साथै छालासँग सम्बन्धित अन्य रोग लाग्न सक्छ ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, बिराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७, ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## ब्राउन सुगर सहित झापाको विभिन्न स्थानबाट पाँच जना पक्राउ



झापा । लागुऔषध ब्राउन सुगर सहित झापाको विभिन्न स्थानबाट प्रहरीले पाँच जनालाई पक्राउ गरेका छन् ।

ब्राउन सुगर सहित झापाको मेचिनगर नगरपालिका वडा नं. ६ मेचिडाँडा छेउ मेची खोला स्थितबाट लागुऔषध ब्राउन सुगर सहित एक जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा जिल्ला सिन्धुली कमलामाई नगरपालिका १२ बस्ने दुर्गा प्रसाद फुयाल रहेको छ ।

शनिवार इलाका प्रहरी कार्यालय काकँरभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ आउदै गरेका फयालको साथबाट ब्राउन सुगर १५ ग्राम सहित पक्राउ गरेको थियो ।

त्यसैगरी विशेष सूचनाको आधरमा अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले बसपार्क एरियाबाट ईलाम नगरपालिका वडा नं. १० का ३६ वर्षिय बिराज शिवालाई २ ग्राम ५०० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी बुद्धशान्ति गाँउपालिका वडा नं. ३ बाट लागुऔषध ब्राउनसुगर सहित ३ जना पक्राउ परेका छन् । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरी टोलीले चैनपुर नगारपालिका वडा नं.११ संखुवासभाका ३० वर्षिय दिपक तामाङ, २८ वर्षिय रोशन तामाङ र पाँचथर फिदिम नगरपालिका वडा नं. ४ की १९ वर्षीया संगीता तामाङलाई ब्राउनसुगर ४ ग्राम ३०० मिलिग्राम सहित पक्राउ परेको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


### कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानुनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं नतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


### कोरोना (COVID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) बान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १




# परमार्थ को पाने का प्रयास ही साधना हैं

दिव्यचेतनानन्द अवधूत

परमार्थ यानी परम अर्थ वह है, जिससे सांसारिक कष्टों का पूर्णत: नाश हो जाता है और इस परमार्थ को प्राप्त करने का प्रयास ही साधना है। जहां आत्मा सभी वस्तुओं से मुक्त है, अर्थात सभी प्रकार के कष्टों से मुक्त है, उसे परमात्मा कहा जाता है ।

जब तक साधक द्वैतवादी भावनाओं को बनाए रखता है, तब तक वह कहेगा कि साधना वह प्रक्रिया है, जिससे आत्मा और परमात्मा एक हो जाते है। जीवात्मा यानी जो अपने संस्कारों से बंधा हुआ है, जन्म और मृत्यु के परिवर्तनों के अधीन सार्वभौमिक तरंगों में घूमता है। यह अपने मूल रूप के परम आनंद को प्राप्त नहीं करता है। हालांकि, यह उसी क्षण परमात्मा बन जाता है, जब वह साधना और वास करने वाले इकाई मन के प्रयासों के माध्यम से अपने सभी संस्कारों को समाप्त कर देता है। आत्मा और परमात्मा के बीच कोई अंतर नहीं है, सिवाय संस्कारों के अंतर्निहित अर्थ यह है कि इकाई आत्मा वह इकाई है, जो सभी फलों का आनंद लेती है और परमात्मा दुनिया में सभी कार्यों और प्रतिक्रियाओं का साक्षी है। जीवात्मा प्रकृति के प्रभाव में है, यह माया के अधीन है या माया द्वारा नियंत्रित है, जबकि परमात्मा, चाहे वह किसी भी रूप में प्रकट हो, मायाधीश या माया का नियंत्रक है ।

परमात्मा एकमात्र सर्वोच्च सत्ता है। इस प्रकार यह पाया जाता है कि जो व्यक्ति के दिमाग में अतीत में एक तथ्य के रूप में दिखाई देता है, वह वर्तमान में असत्य है और जो अतीत में असत्य प्रतीत होता है, वह वर्तमान में एक वास्तविक पहलू माना जाता है। इसलिए इनमें से कोई भी सांसारिक वास्तविकता या असत्य स्थायी सत्य नहीं है। एक स्थान विशेष में एक ही फल को मीठे फल के रूप में जाना जाता है, जबकि दूसरी भूमि में वही फल मिट्टी में परिवर्तन के कारण खट्टे फल के रूप में जाना जाता है। आम जनता को एक विशेष वस्तु सफेद दिखाई देती है, लेकिन पीलिया के रोगी को वह पीली दिखाई देती है। समय, स्थान और व्यक्ति पर निर्भरता के कारण ब्रह्मांड की कोई भी वस्तु स्थायी वास्तविकता नहीं हो सकती है ।

केवल ब्रह्म ही प्रकृति के प्रभाव से परे शाश्वत वास्तविकता है, जो कि मन से परे है। उनका निवास निश्चित रूप से समय, स्थान और व्यक्ति की सीमा से ऊपर है। इस प्रकट ब्रह्मांड में वे सभी चीजें, जिन्हें हम पहली नजर में वास्तविक मानते हैं, वास्तव में सापेक्ष सत्य है। परमात्मा एक सार्वभौमिक इकाई है और इसलिए इन तीन गुण अंतरों से ऊपर है ।

यह दृश्यमान दुनिया ब्रह्म की मानसिक अभिव्यक्ति है। वह एक अद्वितीय और सर्वव्यापी वास्तविकता है। श्रुति में कहा गया है- सब ब्रह्म है। ब्रह्मांड में सब कुछ उसी के द्वारा बनाया गया है, उसी में टिका हुआ है और उसी में लीन है। तंत्र भी इसकी पुष्टि करता है ।

ब्रह्म शब्द का अर्थ है महान। केवल उन्हें महान कहना ही पर्याप्त नहीं है, क्योंकि ब्रह्म ही दूसरों को भी महान बनाने की शक्ति रखते है। उनकी कृपा से जीवात्मा उन्हीं के विचारों में लीन हो जाते हैं और उन्हें अर्थात महानता को प्राप्त कर लेते है। जब कोई व्यक्ति उस अवस्था को प्राप्त करता है, तो वे कुछ भी देख, सुन या महसूस नहीं कर सकते, वे ब्रह्म के पद को प्राप्त करते हैं। लेकिन साधारणतया लोग इस अवस्था को प्राप्त नहीं कर पाते, क्योंकि सांसारिक आकर्षण विभिन्न विषयों में इंद्रियों को वश में रखते है। वस्तुओं से मुक्त होने के लिए उन्हें विशेष प्रक्रियाओं से गुजरना पड़ता है। जहां वस्तु है, वहां ब्रह्म की अनुभूति नहीं होती। वस्तुनिष्ठ भावनाओं से मुक्त होने के लिए समग्र रूप से मानव जाति को कुछ अनुशासनों से गुजरना पड़ता है। इन विषयों को साधना कहा जाता है ।

मनुष्य इस संसार के अन्य सभी प्राणियों की तुलना में अधिक जागरूक है, लेकिन वह सांसारिक मोहों में भी अधिक लीन है। बौद्धिक शक्तियों के द्वारा मनुष्य सुख की प्राप्ति के लिए नई वस्तुओं का आविष्कार करता है, लेकिन जो कुछ भी निर्मित होता है, वह बुद्धि की वस्तु है। जब ये बुद्धि के उत्पाद सुख की प्राप्ति में बाधा उत्पन्न करते हैं, तभी लोग सच्चे ज्ञान की प्राप्ति का प्रयास करते है। सच्चा ज्ञान अपरिवर्तनीय है। किसी के शोध के दौरान, वह हर चीज के मूल में ब्रह्म को पाता है और उसे पाने के लिए तैयार हो जाता है। इसे साधना कहा जाता है ।

# महाभारत : चन्द्रवंशसे कुरुवंश तक की उत्पती

पुराणो के अनुसार ब्रह्मा जी से अत्रि, अत्रि से चन्द्रमा, चन्द्रमा से बुध और बुध से इलानन्दन पुरूरवा का जन्म हुआ । पुरूरवा से आयु, आयु से राजा नहुष और नहुष से ययाति उत्पन्न हुए। ययाति से पुरू हुए । पूरू के वंश में भरत और भरत के कुल में राजा कुरु हुए । कुरु के वंश में शान्तनु का जन्म हुआ । शान्तनु से गंगानन्दन भीष्म उत्पन्न हुए ।

उनके दो छोटे भाई और थे - चित्रांगद और विचित्रवीर्य । ये शान्तनु से सत्यवती के गर्भ से उत्पन्न हुए थे। शान्तनु के स्वर्गलोक चले जाने पर भीष्म ने अविवाहित रह कर अपने भाई विचित्रवीर्य के राज्य का पालन किया। चित्रांगद बाल्यावस्था में ही चित्रांगद नाम वाले गन्धर्व के द्वारा मारे गये । फिर भीष्म संग्राम में विपक्षी को परास्त करके काशिराज की दो कन्याओं - अंबिका और अंबालिका को हर लाये। वे दोनों विचित्रवीर्य की भार्याएं हुईं ।

कुछ काल के बाद राजा विचित्रवीर्य राजयक्ष्मा से ग्रस्त हो स्वर्गवासी हो गये। तब सत्यवती की अनुमति से व्यासजी के द्वारा नियोग द्वारा अम्बिका के गर्भ से राजा धृतराष्ट्र और अम्बालिका के गर्भ से पाण्डु उत्पन्न हुए । गान्धारी के गर्भ से धृतराष्ट्र को सौ पुत्रों की प्राप्ति हुई, जिनमें दुर्योधन सबसे बड़ा था और पाण्डु के युधिष्टिर,भीम,अर्जुन,नकुल,सहदेव आदि पांच पुत्र हुए ।

पाण्डु का राज्य अभिषेक

दुर्वासा ऋषि द्वारा कुन्ती को मन्त्र शिक्षा

धृतराष्ट्र जन्म से ही अन्धे थे अत: उनकी जगह पर पाण्डु को राजा बनाया गया, इससे धृतराष्ट्र को सदा अपनी नेत्रहीनता पर क्रोध आता और पाण्डु से द्वेषभावना होने लगती । पाण्डु ने सम्पूर्ण भारतवर्ष को जीतकर कुरु राज्य की सीमाओ का यवनो के देश तक विस्तार कर दिया। एक बार राजा पाण्डु अपनी दोनों पत्नियों - कुन्ती तथा माद्री - के साथ आखेट के लिये वन में गये। वहाँ उन्हें एक मृग का मैथुनरत जोड़ा दृष्टिगत हुआ। पाण्डु ने तत्काल अपने बाण से उस मृग को घायल कर दिया ।

मरते हुये मृगरुपधारी निर्दोष ऋषि ने पाण्डु को शाप दिया, "राजन! तुम्हारे समान क्रूर पुरुष इस संसार में कोई भी नहीं होगा । तूने मुझे मैथुन के समय बाण मारा है अत: जब कभी भी तू मैथुनरत होगा तेरी मृत्यु हो जायेगी ।"

इस शाप से पाण्डु अत्यन्त दु:खी हुये और अपनी रानियों से बोले, "हे देवियों ! अब मैं अपनी समस्त वासनाओं का त्याग कर के इस वन में ही रहूँगा तुम लोग हस्तिनापुर लौट जाओ" उनके वचनों को सुन कर दोनों रानियों ने दु:खी होकर कहा, "नाथ! हम आपके बिना एक क्षण भी जीवित नहीं रह सकतीं। आप हमें भी वन में अपने साथ रखने की कृपा कीजिये ।"

पाण्डु ने उनके अनुरोध को स्वीकार कर के उन्हें वन में अपने साथ रहने की अनुमति दे दी। इसी दौरान राजा पाण्डु ने अमावस्या के दिन ऋषि-मुनियों को ब्रह्मा जी के दर्शनों के लिये जाते हुये देखा । उन्होंने उन ऋषि-मुनियों से स्वयं को साथ ले जाने का आग्रह किया । उनके इस आग्रह पर ऋषि-मुनियों ने कहा, "राजन! कोई भी नि:सन्तान पुरुष ब्रह्मलोक जाने का अधिकारी नहीं हो सकता अत: हम आपको अपने साथ ले जाने में असमर्थ हैं ।" ऋषि-मुनियों की बात सुन कर पाण्डु अपनी पत्नी से बोले, "हे कुन्ती! मेरा जन्म लेना ही वृथा हो रहा है क्योंकि सन्तानहीन व्यक्ति पितृ-ऋण, ऋषि-ऋण, देव-ऋण तथा मनुष्य-ऋण से मुक्ति नहीं पा सकता क्या तुम पुत्र प्राप्ति के लिये मेरी सहायता कर सकती हो ?"

कुन्ती बोली, "हे आर्यपुत्र! दुर्वासा ऋषि ने मुझे ऐसा मन्त्र प्रदान किया है जिससे मैं किसी भी देवता का आह्वान करके मनोवांछित वस्तु प्राप्त कर सकती हूँ । आप आज्ञा करें मैं किस देवता को बुलाऊँ ।" इस पर पाण्डु ने धर्म को आमन्त्रित करने का आदेश दिया । धर्म ने कुन्ती को पुत्र प्रदान किया जिसका नाम युधिष्ठिर रखा गया । कालान्तर में पाण्डु ने कुन्ती को पुन: दो बार वायुदेव तथा इन्द्रदेव को आमन्त्रित करने की आज्ञा दी ।

वायुदेव से भीम तथा इन्द्र से अर्जुन की उत्पत्ति हुई । तत्पश्चात् पाण्डु की आज्ञा से कुन्ती ने माद्री को उस मन्त्र की दीक्षा दी । माद्री ने अश्वनीकुमारों को आमन्त्रित किया और नकुल तथा सहदेव का जन्म हुआ । एक दिन राजा पाण्डु माद्री के साथ वन में सरिता के तट पर भ्रमण कर रहे थे । वातावरण अत्यन्त रमणीक था और शीतल-मन्द-सुगन्धित वायु चल रही थी ।

सहसा वायु के झोंके से माद्री का वस्त्र उड़ गया । इससे पाण्डु का मन चंचल हो उठा और वे मैथुन में प्रवृत हुये ही थे कि शापवश उनकी मृत्यु हो गई । माद्री उनके साथ सती हो गई किन्तु पुत्रों के पालन-पोषण के लिये कुन्ती हस्तिनापुर लौट आई। वहाँ रहने वाले ऋषि मुनि पाण्डवो को राजमहल छोड़ कर आ गये, ऋषि मुनि तथा कुन्ती के कहने पर सभी ने पाण्डवो को पाण्डु का पुत्र मान लिया और उनका स्वागत किया ।



# झापा जिल्लाबाट मोटर साईकल चोरीमा संलग्न चार जान पक्राउ



झापा । झापा बुद्धशान्ति गाँउपालिका वडा नं. ३ स्थित बुद्ध चोकबाट मोटरसाईकल चोरीमा संलग्न १ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा ईलाम पशुपतिनगर नगरपालिका वडा नं. ३ का २५ बर्षिय पासाङ तामाङ रहेको थियो । मंसिर २१ गते राती ईलामको रोङ गाँउपालिका वडा नं. ३ कुटिडांडाका रोहित राईको आँगनबाट मे ९ प ५२१० नम्बरको कालो रङको १५० सि.सि. पल्सर मोटरसाईकल चोरी भएको खबर प्राप्त हुनसाथ खोजतलास गर्दै जाँदा ईलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलिल तामाङलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका तामाङको ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट थप अनुसन्धान भईरहेको छ ।

त्यसैगरी मोटरसाईकल चोरीमा संलग्न रहेका ३ जनालाई प्रहरीद्वारा पक्राउ गरिएको छ । पक्राउ पर्नेमा ईलाम सुर्योदय नगरपालिका वडा नं. १ का २१ बर्षिय आशिष सुब्बा, सुर्योदय वडा नं. ८ का २१ बर्षिय विवेक घिमिरे र झापा बिर्तामोड नगरपालिका वडा नं. ३ बिर्ताबजार का २६ बर्षिय रंजित राजवंशी रहेका छन् ।

झापा जिल्लामा मोटरसाईकल चोरीको घटना बृद्धि भए पश्चात ईलाका प्रहरी कार्यालय अनारमनि झापाबाट खटिएको प्रहरी टोलीले खोजतलासको क्रममा उनीहरुको साथबाट चोरी भएको मे ६ प २५०५ नम्बरको १५० सिसिको पल्सर मोटरसाईकल र मे ११ प ९७३५ नम्बरको १५० सिसिको मोटरसाईकल सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुलाई प्रहरीद्वारा थप अनुसन्धान भईरहेको छ ।

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सबै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

### १. कसरी सर्छ कोरोना भाईर?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

### २. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

### 3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

# त्रिवि सपना, सेवा आयोग र हाम्रो भविष्य

डा. भीमलाल गौतम

आजभोलि विभिन्न कारणले त्रिवि समाचारको मुख्य केन्द्र बन्न पुगेको छ। संघ, संगठन, प्राध्यापक, कर्मचारीदेखि आंशिक शिक्षक र विद्यार्थी पनि त्रिविको बेथिति देखेर वाक्क परेको बेलामा लेखिएको यो आलेख खासगरी त्रिवि सुधारको नाममा यसलाई दोहन गर्ने र आफूलाई प्राज्ञिक भन्न रुचाउनेहरुका कारणले कसरी त्रिवि राजनीति, नातावाद र कृपावादको चपेटामा परेको छ भन्ने कुराको महसूस गर्न तथा बुझ्नको निमित्त तयार पारिएको हो ।

नेपालको सबैभन्दा पुरानो विश्वविद्यालयमा अध्यापन गरेको एक्काइसौं वर्षगाँठको अवसरमा अलि फरक किसिमले यो लेख्ने मौका मिल्यो। विभिन्न समयमा म आफैंले त्रिवि र सेवा आयोगको पक्षमा वकालत गरेको छु र गरिरहने नै छु । किनकि यो मेरो धर्म हो जहाँ म कार्यरत छु र मैले आफ्नो कर्तव्य निभाउनुपर्छ। विश्वविद्यालयमा कार्यरत मैले आफूलाई अनुसन्धान र प्राज्ञिक कार्यहरुमा अब्बल बनाउनुपर्छ । आफू र आफ्नो संस्थालाई सक्दो राष्ट्रिय-अन्तर्राष्ट्रिय रुपमा चिनाउने प्रयास गर्नुपर्छ ।

मलाई लाग्छ त्रिविभित्र यस्तो सोचाइ भएका सयौं सहकर्मी साथी हुनुहुन्छ। तर विषय र संकायको नाममा पसल खोलेर बसेका विभागीय प्रमुख र कृपाले प्राध्यापक भएका स्वघोषित विद्वानहरुले सेवा आयोगले बनाएको न्यूनतम आचारसंहिताको पनि ख्याल नगरी स्कुपस र सिमागो जस्ता अन्तर्राष्ट्रिय मापन योग्य प्रकाशनहरुलाई नेपालकै बाग बजार, पोखरा, बुटवल, इटहरी जस्ता शहरहरुमा प्रकाशित हुने र अनुसन्धान गर्ने संस्थाहरुको सामु निरीह बनाइदिए। विज्ञ समीक्षित जर्नल भनेको के हो भन्ने थाहा नभएका र जिन्दगीभर अनुसन्धान नबुझेकाहरुबाट गरिएको मूल्यांकन र यसले सेवा आयोगमा पारेको छायाँ पनि शायद यही हुनुपर्छ नत्र त अनुसन्धान र मान्यतामा जीवन लगाएको भनेर चिनिएका आयोग अध्यक्ष र सदस्य पनि किन निरीह हुनुपर्ने थियो र ?

एउटा दृष्टान्तको चर्चा गरौं। गत साल त्रिवि सेवा आयोगले प्राध्यापक र सहप्राध्यापकको लागि आन्तरिक र खुल्लामा गरी विज्ञापन गर्यो। मैले पनि आफूलाई योग्य ठानेर अङ्ग्रेजीमा फर्म भर्ने निर्णय गरें जसमा सम्बन्धित विभागका प्रमुख र वरिष्ठ (!) प्राध्यापक मित्रहरुले नै मलाई निवेदन हाल्न उक्साउनुभयो। भाषा विज्ञान, अङ्ग्रेजी साहित्य र शिक्षामा एम एएमएड गरे पनि म भाषा विज्ञान केन्द्रीय विभागमा कार्यरत भएकोले मिति २०७७ चैत २ गते मैले त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायबाट ल्याङ्ग्वेज कन्ट्याक्ट इन काठमाडौं भ्याली शीर्षकमा गरेको विद्यावारिधिलाई अङ्ग्रेजीसित मिल्छ कि मिल्दैन भन्ने प्रमाणित गराउन ३५०० रुपैयाँको भौचर भरेर निवेदन दिएँ। निवेदन उपर त्रिवि अङ्ग्रेजी केन्द्रीय विभागका विषय समितिका वरिष्ठ विज्ञहरुले घटिया निर्णय गर्नुभयो ।

अचम्मको कुरा के भने दुई वर्षअघि मात्र यस्तै निवेदनमा तत्कालीन विभागीय प्रमुखले भाषा विज्ञानको चितौनिया थारुमा गरेको विद्यावारिधिलाई अङ्ग्रेजीसित मिल्ने भनी निर्णय गरेर सोही अनुसार अङ्ग्रेजीको प्राध्यापक बनाइसकेको कुरा जानकारीमा आइसकेपछि मैले पुन: डीन कार्यालयमा यो कुरा अवगत गराएँ। सोही अनुरुप डीन कार्यालयले पुन: अङ्ग्रेजी केन्द्रीय विभागलाई निर्णय पुनरावलोकनको लागि पत्र लेख्यो। त्यसपछि बल्ल केन्द्रीय विभागले मेरो थेसिसलाई अङ्ग्रेजीसित मिल्छ भन्ने कुरा प्रमाणित गरेको पत्र पुन: डीन कार्यालयमा पठायो र मैले त्रिवि सेवा आयोग मार्फत प्राध्यापक र सहप्राध्यापकमा फाराम भरेर निवेदन दिएँ। यो बीचमा मैले कोरोनाकालमै भए पनि सम्बन्धित विभागका शिक्षक-प्राध्यापकहरुसित विविध किसिमले अन्तरङ्ग कुराकानी गर्ने अवसर पनि मिल्यो। कथनी र करनी फरक हुने रहेछ भन्ने कुरा आज अन्तर्वार्ता सकिएको लगभग दश दिनपछि नतिजा प्रकाशित हुँदा बल्ल थाहा भयो कि मलाई शुरुमै किन रोकिएको रहेछ ?

मुख्य कुरा मुहान नै प्रदूषित भएपछि अरु ठाउँमा सफा गरेर खासै ठूलो उपलब्धि नदेखिने रहेछ। नेपालको राजनीतिमा भएको फोहोरी खेलले समग्र नेपाली समाज र जनता आजित भए जस्तै त्रिविका केन्द्रीय विभागहरुमा हुने क्रियाकलापले हाम्रो प्राज्ञिक क्षेत्रलाई तहसनहस पारेको छ ।

त्रिविमा अध्ययन गर्दा स्वर्गीय कमलप्रकाश मल्ल, बल्लभमणि दाहाल, तेजरत्न कंसाकार, चूडामणि बन्धु, राम अवतार यादव, योगेन्द्र यादव, अभि सुवेदी, माधव पोखरेल, सुभद्रा सुब्बा, जयराज अवस्थी, शान्ति बस्नेत, शिशिरकुमार स्थापित जस्ता बौद्धिक प्राध्यापकहरुबाट दीक्षित मैले आजसम्म कसैको चाकडी र चाप्लुसी गर्न जानिनँ। बरु २०५७ सालमा भाषा विज्ञानमा उत्कृष्ट भएबापत स्वर्गीय राजा वीरेन्द्रको हातबाट प्राप्त स्वर्ण पदकलाई सम्झेर आफूलाई अध्ययन र अनुसन्धानमा लाग्न अनवरत प्रयास गरिरहें। लगभग पन्ध्र भन्दा बढी विभिन्न मुलुकका बीस भन्दा बढी विश्वविद्यालयहरुमा सेमिनार, गोष्ठी, सम्मेलन आदि मार्फत भ्रमण र अध्ययन गरेको मैले धेरैचोटि नेपाल छोडेर बाहिर बसेका साथीहरुबाट किन नेपालमै बसेको भन्ने प्रश्नको उत्तर दिन सकेको थिइनँ तर आज बल्ल महसूस हुँदैछ कि अङ्ग्रेजी र अङ्ग्रेजी शिक्षा विभागबाट पुष्पलाल दमै, नवराज चौलागाइँ, श्याम शर्मा, राम आशिष गिरी, प्रेम फ्याक, हिमा रावल, सरस्वती दवाडी जस्ता व्यक्तिहरु त्रिविबाटै किन पलायन भए र हुँदैछन् ? अरुण गुप्तो, सञ्जीव उप्रेती, वीरेन्द्र पाण्डेहरु किन अवकाशको समय छँदै राजीनामा दिएर स्वतन्त्र बसेका छन् ? शायद यस किसिमको परिणामको अपेक्षा गरेको भए मैले यसपटक सेवा आयोगमा निवेदन दिने कोशिश गर्ने थिइनँ होला ।

हिजोका दिनहरूमा त्रिविभित्रका धेरै मानिस एउटा विभागबाट अर्कोमा सजिलै जाने आउने गर्थे। स्वयं म कार्यरत विभाग अङ्ग्रेजी र नेपाली विभागमा कार्यरत प्राध्यापकहरुले सन् १९९६ मा स्थापना गरेको विभाग हो। त्यसकारण मैले पनि मेरो अध्ययन, अनुसन्धान र अनुभव अङ्ग्रेजी केन्द्रीय विभागमा पढाइहुने शैली विज्ञानमा प्रयोग गर्ने मनसायले प्रेरित भई सेवा आयोग मार्फत निवेदन दिने प्रयास गरें र यसबीचमा धेरै अङ्ग्रेजीका साथीहरु चिन्ने मौका मिल्यो ।

मुख्य कुरा मुहान नै प्रदूषित भएपछि अरु ठाउँमा सफा गरेर खासै ठूलो उपलब्धि नदेखिने रहेछ। नेपालको राजनीतिमा भएको फोहोरी खेलले समग्र नेपाली समाज र जनता आजित भए जस्तै त्रिविका केन्द्रीय विभागहरुमा हुने यस्ता क्रियाकलापहरुले हाम्रो प्राज्ञिक क्षेत्रलाई तहसनहस पार्दछ। त्यसैले विश्वविद्यालय र समग्र शिक्षा प्रणालीमा रहेका यस्ता भाइरसहरुको बारेमा नबोली बस्न मेरो अन्तरात्माले दिएन। म त सानै भए पनि रमाइलो र भरपर्दो मेरो विभागमा कार्यरत र सुरक्षित छु तर सम्बन्धित विभागमा भाषा-साहित्य र समाजलाई बाटो डोर्याउने शिव रिजाल, केशव सिग्देल, महेश पौडेल, तारालाल श्रेष्ठ जस्ता अरु धेरै मित्रहरु कसरी बस्न सकेका होलान् भन्ने कुराले मनमा पीर परिरहने भयो ।

संसारभर अन्तरविधागत र सहकार्यमा आधारित शैक्षिक अनुसन्धान पद्धतिको विकास भैरहेको देखिन्छ तर त्रिविमा फरक फरक विभाग र विषयको नाममा खुद्रा पसलहरु खोलेर व्यापार गर्ने काम निकै फस्टाएको छ। म सन् २०१६ मा ब्राजिलको कम्पिनाज विश्वविद्यालय (जुन दक्षिण अमेरिकाको सबैभन्दा ठूलो र उत्कृष्ट अनुसन्धान विश्वविद्यालय हो) त्यहाँ भ्रमण गर्ने क्रममा थाहा पाएँ गणित पढ्ने जुनसुकै विभागका विद्यार्थीहरु गणित विभागमै पढ्न आउनुपर्ने रहेछ तर त्रिविमा अङ्ग्रेजी विषय मानविकी र शिक्षा दुवैमा पढाइ हुन्छ। भाषा विज्ञान अङ्ग्रेजी (मानविकी र शिक्षा), नेपाली, सामाजशास्त्र, मानव शास्त्रमा नि पढाइन्छ तर अन्तर विभागीय फ्याकल्टीलाई प्रवेशमा रोक लगाइन्छ। त्यसैले म र हामी जस्ता कर्मशील प्राज्ञहरुले विश्वविद्यालयमा बेलाबखत देखापर्ने यस्ता भाइरसहरुलाई प्राज्ञिक क्षेत्रबाट हाम्रा प्राज्ञिक गतिविधिहरू मार्फत हतोत्साही नपारेसम्म त्रिविको उत्थान हुनेवाला छैन ।

विभिन्न कारणले पलायन वा बाहिर रहेका सबै मित्रहरुलाई म यो लेख मार्फत त्रिविको गिर्दो साख जोगाउन फेरि पनि एक हुन अपील गर्न चाहन्छु। आफूले पढेको र पढाएको विभागले चिन्न नसकेका मित्र श्याम शर्मा जसले विगत केही वर्षदेखि सञ्चालन गरेको त्रिविको प्राज्ञिक लेखन अभियानको सन्देश पनि यही हो जस्तो लाग्छ। हामीले गर्ने हरेक क्रियाकलापहरुले आउँदो पुस्ताको भविष्यलाई डोर्याउने गरेको हुन्छ। विश्वविद्यालयको केन्द्रमा कार्यरत भएको नाताले मसँग पनि विश्वविद्यालयको भविष्य जोडिएको हुन्छ। आज नभए पनि कुनै दिन त्रिविले हरेक संकाय, विभाग र निकायहरुमा सक्षम र निष्पक्ष नेतृत्व पाउने छ भन्ने आशा गरौं ।

